# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८ ] काठमाडौं, श्रावण १ गते २०२५ साल [ अतिरिक्ताङ्क १२ (क)

श्री ५ को सरकार

यातायात, सञ्चार, जल तथा विद्युत् मन्त्रालयको

सूचना

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको स्थानीय टेलिफोन (दोस्रो संशोधन) नियमावली, २०२५ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### स्थानीय टेलिफोन (संशोधन) नियमावली, २०२५

स्थानीय टेलिफोन नियमावली, २०२२ (यसपछि मूल नियमावली भनिएको) लाई संशोधन गर्न वान्छनीय भएकोले,

टेलिकम्यूनिकेशन ऐन, २०१९ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "स्थानीय टेलिफोन (दोस्रो संशोधन) नियमावली, २०२५" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ४ मा संशोधनः– मूल नियमावलीको नियम ४ को सट्टा देहाय बमोजिमको नियम ४ राखिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

(४) टेलिफोन वितरण गर्ने र नामसारी गर्ने अधिकारः– (१) नियम ३ बमोजिम दरखास्त दिने व्यक्तिलाई टेलिफोन कनेक्शन दिने नदिने भन्ने कुराको निर्णय गर्ने अधिकार चीफ इन्जिनीयर वा निजले अधिकार दिएको स्थानीय टेलिफोन कार्यालयको सम्बन्धित अधिकृतहरूलाई हुनेछ ।

(२) कुनै ग्राहकको नाम रहेको टेलिफोन निज ग्राहक मरी वा अन्य कुनै कारणले नामसारी गर्नु पर्ने भै नामसारी गरी पाउन हकवाला वा अन्य कुनै सम्बन्धित व्यक्तिको निवेदन स्थानीय टेलिफोन कार्यालयमा पर्न आएमा आवश्यक सबै कुरा बुझ्न ७ दिनको म्याद दिई स्थानीय पत्र-पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ । यसरी म्यादभित्र पर्न आएको उजूरीहरू माथि विचार गरी टेलिफोन नामसारी गर्ने नगर्ने भन्ने कुराको निर्णय चीफ इन्जिनीयर वा निजले अधिकार दिएको स्थानीय टेलिफोन कार्यालयको सम्बन्धित अधिकृत-लाई हुनेछ ।

(३) उप-नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल अधिराज्यस्थित विदेशी नियोगका कुनै अधिकृतका नाममा नामसारी गर्नु पर्ने भएमा वा कुनै ग्राहकको नाम रहेको टेलिफोन कुनै व्यक्तिले आफ्नो नाममा नामसारी गरी पाउन निज ग्राहकको लिखित मञ्जूरी सहितको निवेदन दिन आएमा चीफ इन्जिनीयर वा निजले अधिकार दिएको स्थानीय टेलिफोन कार्यालयको सम्बन्धित अधिकृतले स्थानीय पत्र-पत्रिकामा सूचना प्रकाशित नगरिकन पनि नामसारी गरी दिन सक्ने छ ।

३. मूल नियमावलीको नियम ७ मा संशोधनः– मूल नियमावलीको नियम ७ को उप-नियम (४) को सट्टा देहाय बमोजिमको उप-नियम (४) राखिएको छ ।

(४) नियम ४ को उप-नियम (२) मा (३) बमोजिम नामसारी हुने भएमा यस्तो नामसारी वापत रु. ३०।– तीस लाग्ने छ ।

४. मूल नियमावलीको नियम १२ मा संशोधनः– मूल नियमावलीको नियम १२ को सट्टा देहायबमोजिमको नियम १२ राखिएको छः–

१२. टेलिफोन महसूल दरः– निम्नलिखित किसिमको टेलिफोनलाई देहायका दरले मासिक महसूल लाग्ने छ ।

(१) स्थायी कनेक्शनको दरः–

(क) मेन कनेक्शनको पहिलो एक सय कलसम्मलाई रु.

| | |
|---|---|
| चालीस | ४०।– |
| त्यसपछि प्रत्येक कलको बीस पैसा | ।२० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) एक्सटेन्सन कनेक्शनको:–

| | |
|---|---|
| भित्री साधारण सेटको रू. पच्चीस | २५।– |
| बाहिरी साधारण सेटको रू. तीस | ३०।– |
| भित्री आई. सी. एफ. सेटको रू. पच्चीस | २५।– |
| बाहिरी आई. सी. एफ सेटको रू. बत्तीस | ३२।– |

(ग) दुइ सकेटको रू. चार ४।–

(घ) दुइ भन्दा बढी सेकेट लगाएमा प्रत्येक बढी सकेटको रू. दुइ २।–

(२) अस्थायी कनेक्शनको दर:–

(क) मेन कनेक्शनको पहिलो एक सय कल सम्मलाई रू. चौवन्न ५४।–

त्यसपछि प्रत्येक कलको बीस पैसा ।२०

(ख) एक्सटेन्सन कनेक्शनको:–

| | |
|---|---|
| भित्री साधारण सेटको रू. तीस | ३०।– |
| बाहिरी साधारण सेटको रू. बत्तीस | ३२।– |
| भित्री आई. सी. एफ. सेटको रू. एकतीस | ३१।– |
| बाहिरी " " पैंतीस | ३५।– |

(ग) दुइ सकेटको रू. पाँच ५।–

(घ) दुइ भन्दा बढी सकेट लगाएमा प्रत्येक बढी सकेटको दुइ रूपैयाँ पचास पैसा २।५०

(३) पटके कनेक्शनको दर:–

(क) मेन कनेक्शनको पहिलो एक सय कल सम्मलाई रू. अस्सी ८०।–

त्यसपछि प्रत्येक कलको बीस पैसा ।२०

(ख) एक्सटेन्सन कनेक्शनको:–

| | |
|---|---|
| भित्री साधारण सेटको रू. छपन्न | ५६।– |
| बाहिरी साधारण सेटको रू. एकसट्ठी | ६१।– |
| भित्री आई. सी. एफ. सेटको रू. साट्ठी | ६०।– |
| बाहिरी आई. सी. एफ. सेटको रू. पैंसट्ठी | ६५।– |

(ग) दुइ सकेटको रू. तेह्र १३।–

(घ) दुइ भन्दा बढी सकेट लगाएमा प्रत्येक बढी सकेटको छ रूपैयाँ पचास पैसा ६।५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) पछके कनेक्शन लिई राखेको ग्राहक एक महीना भुक्तान भएपछि पनि अरू थप समय सोही कनेक्शन चालू राख्न चाहेमा प्रत्येक थप दिन १ को देहाय बमोजिमको महसूल लाग्ने छ :–

| | |
|---|---|
| मेन कनेक्शनको तीन रुपैयाँ पचास पैसा | ३।५० |
| एक्सटेन्सन कनेक्शनको:– | |
| भित्री साधारण सेटको दुइ रूपैयाँ पचास पैसा | २।५० |
| बाहिरी साधारण सेटको तीन रू. | ३।– |
| भित्री आई. सी. एफ. सेटको दुई रूपैयाँ अस्सी पैसा | २।८० |
| बाहिरी आई. सी. एफ. सेटको तीन रूपैयाँ पचास पैसा | ३।५० |
| (च) दुइ सकेटको रू. एक | १।– |
| (छ) दुइ भन्दा बढी सकेट लगाएमा प्रत्येक बढी सकेटको पचास पैसा | ।५० |

स्पष्टिकरण:– (१) माथि खण्ड (१), (२) र (३) को कुनै मेन कनेक्शनसंग एक्सटेन्सन कनेक्शन जोडिएमा यस्तो मेन कनेक्शनलाई पनि सोही खण्डको एक्सटेन्सन कनेक्शन सरह मानिने छ र यस्तो मेन कनेक्शनको महसूल पनि एक्सटेन्सन कनेक्शन जोडिए पछि सोही खण्डको एक्सटेन्सन कनेक्शनलाई लाग्ने जति मात्र लाग्ने छ ।

(२) माथि खण्ड (१), (२) र (३) को हुने मेन कनेक्शनमा कल मिटर नलागेको भए जतिसुकै कल भए पनि माथि खण्ड खण्डमा तोकिए बमोजिमको निश्चित महसूल मात्र लाग्ने छ । प्रत्येक कलको महसूल लाग्ने छैन ।

(३) सरकारी सुविधा पाउनेलाई पब्लिकको मेन कनेक्शनबाट एक्सटेन्सन कनेक्शन दिइएमा सो एक्सटेन्सनलाई पनि मेन कनेक्शन सरह पहिलो १०० कलसम्म मिनाहा गरी दिई एक्सटेन्सन र मेन कनेक्शन समेत २०० कल भन्दा बढी हुन गएमा मात्र मेन कनेक्शनवालासित यस नियमावली बमोजिम प्रत्येक बढी कलको थप महसूल लिइने छ ।

(४) प्राइभेट एक्सचेञ्ज बोर्ड:– कुनै ग्राहकले आफूकहाँ प्राइभेट एक्सचेञ्ज बोर्ड खडा गरी स्थानीय एक्सचेञ्जको लाइनलाई जंक्सन लाइन बनाई काम लिने स्वीकृति टेलिकम्यूनिकेशन विभागबाट पाएमा प्राइभेट एक्सचेञ्ज बोर्डको छुट्टै निम्न प्रकारको थप मासिक महसूल लाग्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) २५ लाइन सम्मको प्राइभेट एक्सचेञ्ज बोर्डको रू. पच्चीस २५।–

(२) २५ लाइनदेखि ५० लाइनसम्मको प्राइभेट एक्स-चेञ्ज बोर्डको रू. पैंतीस ३५।–

(३) ५० लाइन देखि बढी जतिसुकै लाइनको प्राइभेट एक्सचेञ्ज बोर्डको रू. पचास ५०।–

स्पष्टिकरणः– कल मिटर लागेको एक्सचेञ्जको सम्बन्धमा एक्स-टेन्सनको महसूल तत्सम्बन्धी साबिक मेन कनेक्शनमा लागेको जम्मा महसूल माथि थप गरी सो साबिक कनेक्शनवालासित लिइने छ।

५. मूल नियमावलीको नियम १४ मा संशोधनः– मूल नियमावलीको नियम १४ को सट्टा देहाय बमोजिमको नियम १४ राखिएको छ।

१४. पब्लिक कलको दरः– कुनै पब्लिक कार्यालयमा रहेको स्थानीय टेलिफोनबाट कुनै स्थानीय अर्को टेलिफोनमा कुरा गरेमा एक पटक कुरा गर्दा बीस पैसाको दरले महसूल लाग्ने छ।

आज्ञाले–
भबानीराज पाण्डे
श्री ५ को सरकारको का. मु. सचिव।

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
2607
मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

26C